# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०७७/०७८ बैठक व्यवस्थापन शाखा

च.नं.:

मिति:-२०७८/०३/३१

विषय:- निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।

**श्री मनहरी गाउँकार्यपालिकाका**
**सबै शाखा/उपशाखा प्रमुखहरु**
**वडा कार्यालय/वडा सचिवहरु**
**मनहरी, मकवानपुर ।**

प्रस्तुत विषयमा मिति २०७८ आषाढ ३१ गते वसेको गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान **३ तीन** यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

०८।३१

............................................

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

फोन:०५७-४१९३०३ वेवसाईट:www.manaharimun.gov.np, ईमेल:manaharimun@gmail.com

"कृषि, पर्यटन, वन, वातावण र ब्यापार, मनहरी समृद्धीको मूल आधार"

Scanned with CamScanner

राम प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

वैठक संख्या १४
मिति २०७८।३।३१ गते
स्थान : मनहरी गाउँपालिका कार्यालयको सभा हल

आज मिति २०७८ साल असाढ ३१ गते विहान ठिक ८.०० वजे मनहरी गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको १४ औ वैठक देहायका पदाधिकारी ज्यूहरुको उपस्थितिका देहायका निर्णय गर्दै सम्पन्न भयो ।

उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री एकराज उप्रेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं वडा अध्यक्ष | |
| ४ | श्री आनन्द घलान | २ नं वडा अध्यक्ष | |
| ५ | श्री विष्णु थिङ्ग | ३ नं का.वा वडा अध्यक्ष | |
| ६ | श्री ध्रुव खड्का | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री शुभराज थिङ्ग | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री गोपीलाल मोक्तान | ६ नं वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर तितुङ्ग | ७ नं वडा अध्यक्ष | |
| १० | श्री दिल वहादुर स्यांतान | ८नं वडा अध्यक्ष | |
| ११ | श्री साधुराम अधिकारी | ९ नं वडा अध्यक्ष | |
| १२ | श्री कृष्ण विडारी | महिला कार्यपालिका सदस्य | |
| १३ | श्री पम्फा रोक्का | महिला कार्यपालिका सदस्य | |
| १४ | श्री गधादेवी खकुराल पाठक | महिला कार्यपालिका सदस्य | |
| १५ | श्री राममाया प्रजा चेपाङ्ग | महिला कार्यपालिका सदस्य | राममाया |
| १६ | श्री गीता कुमारी प्रजा | दलित अल्पसंख्यक कार्यपालिका सदस्य | |
| १७ | श्री रामप्रसाद शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

(१)

एकराज उप्रेती
अध्यक्ष

मिति २०७८ आषाढ ३१ गतेको का.पा. बैठक

प्रस्तावहरु
१) समिक्षा सम्वन्धमा ।
२) वाढी पहिरो सम्वन्धमा ।
३) क्याम्पसको म्याद थप सम्वन्धमा ।
४) अनुमोदन सम्वन्धमा ।
५) योजनाको म्याद थप सम्वन्धमा ।
६) प्रोत्साहन भत्ता सम्वन्धमा ।
७) विविध

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिकाको दैनिक प्रशासनिक र विकासात्मक गतिविधिहरुको समिक्षा भयो । कार्य सम्पादनको शिलशिलामा भएका कमी कमजोरीहरुलाई सच्चाउदै अगाडी वढने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा मिति २०७८ साल अषाढ १७ र १८ गते परेको अविरल वर्षातको कारण यस गाउँपालिका क्षेत्रमा रहेका देहायका मूल्यांकन भएका तर भुक्तानी हुन वाँकी विकास निर्माणका योजनामाहरुमा क्षति पुरयाएको हुदा क्षति सम्वन्धमा प्रहरी चौकी र स्थानीय सर्जमिन मुचुल्कालाई आधार मानि सम्वन्धित योजनाको उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय गरियो ।

देहाय

१) घेट्टेखोला खहरे नियन्त्रण योजना मनहरी-१ ( लागत सहभागिता १० लाख )
२) मनहरी झुल्यान वस्ती वचाउ योजना वडा नं २ ( च्यानलाई जेशन ७५ हजार )
३) ठाडो खोला विकमपर्ता कजवे योजना ( १० लाख )

निर्णय नं ३

यस गाउँपालिकामा रहेको एक मात्र क्याम्पस मनहरी क्याम्पसको भौतिक संरचना निर्माणको लागि जिल्ला समन्वय समिति सँग सम्झौता भइ योजना कार्यान्वयन भएको तर योजना हाल सम्म सम्पन्न नभएकोले उक्त योजनालाई निरन्तरता दिदै मिति २०७८ साल मंसिर सम्म म्याद थप र सोको जानकारी जिल्ला समन्वय समिति मकवानपुरलाई पठाउने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिका कार्यरत कानुनी सल्लाहकार श्री रेखा सापकोटाको करारनामा मिति २०७७ साल अषाढ मसान्त सम्म सकिएको र तद पश्चात म्याद थप सम्वन्धमा



Scanned with CamScanner

२०७८ आषाढ ३१ गतेको का.पा.बैठक

अन्यौलता भएको तर निजले नियमित रुपमा कार्यालयमा हाजिर भईरहनु भएकोले निजले हाजिर भएको अवधिको पाउनु पर्ने पारिश्रमिक दैनिक ज्यालादारीमा प्रमाणित भएको डोर हाजिर वमोजिम नै उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं ३ र ४ जोडने हाडीखोला सडक स्तरोउन्नती योजनाको निर्माण कम्पनी एच के एम कन्सटक्सनको म्याद समाप्त भएको भनि म्याद थप गरि पाउँ भनि यस कार्यालयमा निवेदन दर्ता गराएकोमा  उक्त कन्सटक्सनको म्याद २०७८ साल मंसिर सम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सन्दर्भमा प्रोत्साहन भत्ता उपलव्ध गराउने सम्वन्धमा साविककै कार्यविधि वमोजम प्रोत्साहन भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं ७ विविध

क) प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं ६ जोगिताल वस्ने वर्ष ६ महिनाको श्री कृष्ण तामाङ्गको अपहरणमा परि उद्धार गर्न गएको टोलिको नपुग खर्च रकम रु ८५०० असहाय महिला वालवालिका कोषवाट दिने निणय गरियो ।

ख) प्रस्ताव नं. ७ माथि छलफल गर्दा मनहरी गाउपालिकाले संचालन गरेको कोभिड १९ अस्पतालको व्यवस्थापन, स्वास्थ्यकर्मी तथा औषधि लगाएतका सामाग्री ओसारपसारकोलागि भडामा लिएको गाडिलाई कोभिड १९ को जोखिम रहिरदाको समय सम्मको लागि गाडि भाडामा लिने निर्णय गरियो ।

ग) प्रस्ताव नं. ७ माथि छालफल गर्दा मनहरी गाउँपालिका अन्तरगतका देहाय वमोजिमका दिर्घ तथा जटिल रोगिहरुलाई उपचार सहयात रकम उपलव्ध गराउने निर्णय गरियो ।

| क्र.स. | विरामीहरुको नामथर | ठेगाना | रोग | सहयोग रकम |
|---|---|---|---|---|
| १ | मनमाया मुक्तान | मनहरी ८ | क्यान्सर | १०,०००।० |
| २ | अम्वरवहादुर घिमिरे | मनहरी ४ | क्यान्सर | १०,०००।० |
| ३ | जगतवहादुर वुलुन | मनहरी १ | गम्भिर चोट | १०,०००।० |
| ४ | राधिका मल्ल ठकुरी | मनहरी ८ | क्यान्सर | १०,०००।० |
| ५ | सुर्यलाल स्याङ्तान | मनहरी २ | मुटुरोग | १०,०००।० |

एकराज उप्रेती
अध्यक्ष



Scanned with CamScanner